# नेपाल राजपत्र
# भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २९ गते २०३२ साल

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी देहायका पदमा देहायका अधिकृतहरूलाई देहायबमोजिम कायम मुकायम मुकरर गरिएको छः–

(१) तेह्रथुम जिल्लाका प्र जि.अ. श्री राममणि मुडभरी तालीममा जानु भएकोले सो प्र. जि. अ. पदमा मिति २०३१।१२।१८ देखि कोशी अञ्चलाधीश कार्यालयका शाखा अधिकृत श्री मोहनभक्त श्रेष्ठलाई,

(२) कपिलवस्तु जिल्लाका प्र.जि.अ. श्री योगेन्द्रनाथ ओझा तालीममा जानु भएकोले सो प्र.जि.अ. पदमा मिति २०३१।१२।१८ देखि रूपन्देही जिल्ला कार्यालयका प्रशासकीय अधिकृत श्री रामप्रसाद खत्यौडालाई,

(३) भोजपुर जिल्लाका प्र.जि.अ. श्री नन्दकुमार कार्की तालीममा जानु भएकोले सो प्र. जि. अ. पदमा मिति २०३१।१२।१८ देखि कोशी अञ्चलाधीश कार्यालयका शाखा अधिकृत श्री डमरुवल्लभ भट्टराईलाई,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३२